# उद्योग वाणिज्य सन्देश

मासिक

CHAMBER OF COMMERCE & INDUSTRY-CHITWAN

वर्ष २९, अकं १०, फाल्गुन/चैत्र २०८१

Mar/Apr 2025


## उवासंघ चितवनले गर्यो चिनिया व्यवसायीसँग लगानी प्रवर्द्धन सम्बन्धी छलफल




उद्योग वाणिज्य संघ-चितवनको सचिवलयमा २०८१ फागुन २३ गते एक कार्यक्रमका विच चिनिया व्यवसायी सँग चितवनको व्यावसायिक विकासका विषयमा छलफल भएको थियो । कार्यक्रममा चितवनको कृषि तथा पशुपन्छी पालन सम्बन्धी र तिनका औषधी तथा प्रविधिको सहयोग सम्बन्धी छलफल भएको थियो ।कार्यक्रममा चिनिया व्यवसायीलाई स्वागत गर्दै उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष सुमनकुमार श्रेष्ठले चितवन मध्य नेपालमा अवस्थित हुनुका साथै करिव १५० किलो मिटरको दुरीमा नेपालका सवै ठुला सहरमा पुग्न सकिने जानकारी गराउँदै चितवन लगानीको उत्कृष्ट गन्तव्य भएको बताउदै चिनिया लगानी कर्तालाई चितवनमा लगनी गर्न अनुरोध गर्नुभएको थियो । कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका पूर्व अध्यक्ष डा. तिलचन्द्र भट्टराईले उद्योग वाणिज्य संघ-चितवनले यहाँको व्यवसायिक हक हितका कार्य गर्नुका साथै सामाजिक आर्थिक विकासमा समेत योगदान गर्दै आईरहेको बताउनुभएको थियो । उहाँले सवै भन्दा छोटो दुरीको चिन र भारत जोड्ने सडक

बाँकी ३ नं. पेजमा...

## उद्योगमा विद्युत खपतको मितव्ययीता सम्बन्धि अभिमुखीकरण कार्यक्रम सम्पन्न




उद्योग वाणिज्य संघ-चितवन र चितवन उद्योग संघको सयुक्त आयोजना एवम् नेपाल विद्युत प्राधिकरण भरतपुर वितरण केन्द्रको समन्वयमा तथा कोम्ट्रोनिक्स प्रा. लि. को प्राविधिक सहयोगमा उद्योगमा विद्युत खपतको मितव्ययीता र सौर्य उर्जाको नेट मिटरिङ्ग गरी वैकल्पिक प्रयोगका विषयमा चितवन उद्योग संघको सभाहलमा २०८१ फागुन १९ गते अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको थियो । चितवन उद्योग संघका कार्य बाहक अध्यक्ष मदन घिमिरेले अध्यक्षता गर्दै स्वागत मन्तव्यसँगै कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्नुभएको थियो । छलफल कार्यक्रममा प्राविधिक सहयोगी संस्था कोम्ट्रोनिक्स प्रा.लि.का प्रबन्ध निर्देशक रोशन सिलवालले विद्युत खपतको मितव्ययीता र सौर्य उर्जाको नेट मिटरिङ्ग गरी वैकल्पिक प्रयोगका विषयमा आफ्नो प्रस्तुति गर्नुभएको थियो । कार्यक्रममा


(जि.प्र.का.द.नं. ५/०४९/०५०, चि.जि.हु.द.नं. ६/०४९/०५०

AN ISO 9001:2015 CERTIFIED CHAMBER

quality austria central asia Succeed with Quality

प्रकाशक

उद्योग वाणिज्य संघ-चितवन, फोन: ०५६-५९६१०८, ५९६२०८, ५९६३०८

URL : www.ccichitwan.org.np, Email: info@ccichitwan.org.np

## उद्योग वाणिज्य संघ-चितवन

**लक्ष्य (Mission)**

'उद्योगी तथा व्यवसायीहरुको हक हितको संरक्षण तथा सम्बर्द्धन गर्दै स्थानीय आर्थिक तथा सामाजिक विकासको माध्यमबाट राष्ट्रिय अर्थतन्त्रको विकासमा योगदान पुऱ्याउने ।'

**परिकल्पना (Vision)**

'आफ्नो कार्यक्षेत्र भित्र संचालित उद्योग तथा अन्य व्यवसायलाई गुणस्तरीय र प्रतिस्पर्धी बनाउदै बढि आर्थिक क्रियाकलापको सम्भावना भएको कृषि तथा पर्यटन क्षेत्रको विकासलाई निरन्तरता दिदै स्वास्थ्य सेवा र शिक्षा क्षेत्रलाई विकसित गरी प्रवर्द्धन गर्न आवश्यकतामा आधारित सेवा प्रदान गर्ने नेतृत्वदायी संस्थाका रुपमा संघलाई विकसित गर्ने ।'

**गुणस्तर नीति (Quality Policy)**

उद्योग वाणिज्य संघ-चितवन, चितवन जिल्ला भित्रका उद्योग व्यापार क्षेत्रको छाता सङ्गठन भई दक्ष जनशक्तिको माध्यमद्वारा राज्यको नीति नियमसङ्गत सेवाग्राही सन्तुष्टीको माध्यमबाट गुणस्तरीय उद्देश्यहरुलाई निरन्तर परिष्कृट गर्दै एक प्रभावकारी संस्थाको रुपमा विकसित हुन प्रतिबद्ध छ ।

**संयोजक:**

बिष्णु लम्साल - कार्यसमिति सदस्य

**सदस्यहरू:**

हिम्मत पुरी, पदम पौडेल, वाशुदेव दवाडी, अमर कुंवर, नारायण काफ्ले, बाबुराम रामुदामु

**सल्लाहकारहरू:**

राजेन्द्र ओली, विज्ञानलाल श्रेष्ठ

**सम्पादक:**

गणेश सुवेदी- कार्यक्रम अधिकृत

**ले-आउट / डिजाइन:**

बिनायक लम्साल - सूचना प्रविधि अधिकृत

समन्वय संस्था नेपाल विद्युत प्राधिकरण, भरतपुर वितरण केन्द्रका कार्यालय प्रमुख रामु श्रेष्ठले उद्योगी, व्यवसायीहरुले विद्युतमा हुने खपतलाई समयानुकुल बनाउँदै न्युनिकरण गर्न सके आर्थिक भार कम गर्न सकिने बताउनुभएको थियो । छलफलमा सहभागी उद्योगी, व्यवसायीहरुले उद्योग, व्यवसायमा हुने विद्युत खपत र यसलाई कसरी मितव्ययीता अपनाउन सकिन्छ र सौर्य उर्जाको नेट मिटरिङ्ग गरी वैकल्पिक प्रयोग र आर्थिक व्ययभारका विषयमा जिज्ञासा राखेका थिए । फ्लोर बाट आएका जिज्ञासाहरुलाई सम्बन्धित विज्ञहरुबाट समाधान समेत गरिएको थियो । कार्यक्रमलाई उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष सुमन कुमार श्रेष्ठले धन्यवाद मन्तव्य सहित समापन गर्नुभएको कार्यक्रम चितवन उद्योग संघका प्रशासकीय अधिकृत गोविन्द प्रसाद पौडेलले सञ्चालन गर्नुभएको थियो ।

बाँकी...

चितवन हुदै रहेको बताउदै चितवनमा कृषि तथा पशुपन्छीका औषधी एवम् भ्याक्सीन उत्पादन कम्पनी खोल्न आग्रह गर्नुभएको थियो । साथै उहाँले कृषि तथा पशुपन्छीका औषधी एवम् भ्याक्सीन उपलब्धतामा सहजिकरण तथा सहयोग गर्न अनुरोध गर्नुभएको थियो ।कार्यक्रममा संघका कार्यकारी निर्देशक निलबहादुर के.सीले उद्योग वाणिज्य संघ-चितवनको क्रियाकलापहरुको बारेमा प्रस्तुतिकरण गर्नुभएको थियो । उहाँले चितवनका लगानीका सम्भावना र लगानी गर्दा के फाईदा हुन्छ भन्ने बारेमा समेत प्रस्तुति दिनुभएको थियो । सोही कार्यक्रमको अवसरमा वायोमेटीक नेपाल र वायोमेटीक चिन विच समभ्रुदारी पत्रमा हस्ताक्षर भएको थियो । चिनको जिङ्गासु हिटेड बायोटेक्नोलोजी कम्पनी लि. का अध्यक्ष लिङ् छुइले चितवनमा कृषि तथा पशुपन्छीका औषधी एवम् भ्याक्सीन उत्पादन कम्पनी सञ्चालन गर्न मन लागेको बताउदै औषधी तथा भ्याक्सीन उपलब्धतामा सहजिकरण तथा सहयोग गनेबताउनुभएको थियो ।भेटघाट तथा छलफल कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका उपाध्यक्ष दोय अशोक अधिकारी, नारायण प्रधान, ग्याङदोङ इकोनमी एण्ड ट्रेड अफिस नेपालका चिफ रिप्रिन्जेटिप याङजीपिङ, गोन्जाउ हिटेड बायोटेक्नोलोजी कम्पनी लि. का जनरल म्यानेजर लिनजीदोङ, चाईना हिटेड बायोटेक्नोलोजी कम्पनी लि.का डाइरेक्टर चेन कल्टीन खेचोङ र लि फक क्वीचिङ, संघका कार्यसमिति सदस्य, तथा उद्योगी व्यवसायीहरुको सहभागिता रहेको थियो ।संघका अध्यक्ष सुमनकुमार श्रेष्ठको अध्यक्षता एवम् संघका प्रथम उपाध्यक्ष राजेन्द्र ओलीले धन्यवाद ज्ञापन गर्नुभएको स्वागत एवम् छलफल कार्यक्रम संघका कार्यकारी निर्देशक निलबहादुर के.सीले सञ्चालन गर्नुभएको थियो ।

## दमक उद्योग वाणिज्य संघका अध्यायन अनुगमन टोलीसँग छलफल




दमक उद्योग वाणिज्य संघको अध्यायन अनुगनम टोलीलाई २०८१ चैत्र २ गते संघको सचिवालयमा एक कार्यक्रमका विच स्वागत एवं छलफल कार्यक्रम सम्पन्न भएको थियो । उद्यौग वाणिज्य संघ चितवनको आयोजनामा दमक उद्योग वाणिज्य संघका अध्यक्ष देवी प्रसाद गुरागाई (गोपाल) को नेतृत्वमा चितवन आएको अध्यायन अवलोकन टोलीलाई स्वागत सहित छलफल कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रममा स्वागत मन्तव्य व्यक्त गर्दै उद्योग वाणिज्य संघ-चितवन चितवनका अध्यक्ष सुमन

कुमार श्रेष्ठले उवासंघ चितवनको इतिहास र वर्तमान अवस्थाकौ बारेमा जानकारी गराउनु भएको थियो । कार्यक्रममा चितवन र झापाको आर्थिक विकासको लागि गर्न सकिने सहकार्यका विषयमा छलफल भएकौ थियो । दमक उद्योग वाणिज्य संघका अध्यक्ष गुरागाईको नेतृत्वमा चितवन आएको भ्रमण टोलीमा संघका निवर्तमान अध्यक्ष एवम् नेउवामहासंघका कार्यसमिति सदस्य गोकुल श्रेष्ठ, वरिष्ठ उपाध्यक्ष राजु खड्का, द्वितीय उपाध्यक्ष ज्ञान नाथ पौडेल, तृतीय उपाध्यक्ष रुवल अधिकारी, लेखा समिति संयोजक नेत्र प्रसाद चम्लागाई, कार्यसमिति सदस्य हेम सागर अधिकारी, कमल बटुवाल, संजीव बराल, तीलक बहादुर डाँगी, पशुपती अधिकारी, सन्तोष शाह, लेखा समिति सदस्य पदम बहादुर राउत, उद्योग वाणिज्य संघ–चितवनका पदाधिकारी तथा सदस्यहरु लगायतको सहभागिता रहेको थियो । उद्योग वाणिज्य संघ–चितवनका अध्यक्ष सुमनकुमार श्रेष्ठको अध्यक्षतामा एवम् संघका वरिष्ठ उपाध्यक्ष चिरञ्जीवी सुवेदीले धन्यवाद ज्ञापन सहिति समापन गर्नुभएको कार्यक्रम संघका सूचना प्रविधि अधिकृत बिनायक लम्सालले सञ्चालन गर्नु भएको थियो ।

## संघमा उपभोक्ता सचेतना कार्यक्रम सम्पन्न



उपभोक्ता अधिकार दिवस २०८१ को अवसरमा आयोजित स्वच्छ र प्रतिष्पर्धी बजार उपभोक्ता संरक्षणको दिगो आधार भन्ने मुल नाराका साथ उद्योग वाणिज्य संघ–चितवनको सभाहलमा २०८१ चैत्र ३ गते उपभोक्ता सचेतना कार्यक्रम भएको थियो । कार्यक्रममा उद्योग तथा वाणिज्य कार्यालय चितवनको आयोजना एवम् उद्योग वाणिज्य संघ–चितवनको सह आयोजनामा भएको थियो । उक्त कार्यक्रममा सहभागीहरुले खाद्य वस्तुमा विषादी न्यूनिकरण गर्ने तफ जोड दिन सरोकारवाला निकायको ध्यानकर्षण गरेका थिए । कार्यक्रमा स्वागत गर्दै उद्योग वाणिज्य संघ–चितवनका अध्यक्ष सुमनकुमार श्रेष्ठले हामीले खाद्य सुरक्षा सम्बन्धी उपभोक्ता एवम् उद्योगीहरुलाई शिक्षा दिन नसकिएको बताउँदै उहाँले उद्योगी व्यवसायीहरुलाई दण्ड जरि वाना भन्दा पनि शिक्षा दिनु पहिलो आवश्यकता रहेको बताउनुभएको थियो । उहाँले उद्योगी व्यवसायीहरुलाई खाद्य गुणस्तर सम्बन्धी शिक्षा दिनका लागि सहकार्य गर्न उद्योग वाणिज्य संघ चितवन सधै तयार रहेका बताउँदै उहाँले उपभोक्ताले पनि आफुले खरिद गर्ने वस्तुको गुणस्तर मापदण्डको बारेमा जानकारी लिएर मात्र खरिद गर्नपर्ने बताउनुभएको थियो । कार्यक्रममा उद्योग तथा वाणिज्य कार्यालय चितवनका कार्यालय प्रमुख विनोद पौडेलले उपभोक्ताका अधिकार, उपभोक्ता एवम् उपभोग्य वस्तु तथा सेवा, उपभोक्ता अधिकार, खरिद गरिएका वस्तु फिर्ता सम्बन्धी भएका व्यवस्था, गुणस्तरहिन वस्तु, अनुचित व्यापारीक तथा व्यवसाय जन्य क्रियाकलाप, उपभोक्ता संरक्षण ऐन २०७५, प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन २०७६ मा भएको उजुरी, दण्डजरिवाना, क्षतीपूर्ति सम्बन्धी व्यवस्था लगायत उपभोक्ताले खाद्य वस्तु तथा अन्य वस्तु खरिद गर्दा ध्यान दिनुपर्ने कुराहरुको बारेमा प्रस्तुतिकरण गर्नुभएको थियो । कार्यक्रममा चितवन उद्योग संघका उपाध्यक्ष ताराबहादुर कार्कीले वर्षको एक दिन कार्यक्रम गरेर खाद्य स्वच्छता सम्बन्धी शिक्षा दिन नसकिने बताउँदै यस्ता कार्यक्रमहरु गरिराख्न पर्ने धारणा राख्नुभएको थियो । उहाँले सबै व्यवसायीले आफुले उत्पादन गरेको सामान स्वच्छ छ भन्ने संकल्प राखेर वस्तु उत्पादन गर्न अनुरोध गर्नुभएको थियो । खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय चितवनका खाद्य निरिक्षक वन्दना पन्तले खाद्य स्वच्छताको मापदण्डका वारेमा जानकारी गराउनुभएको थियो । कार्यक्रममा उद्योग वाणिज्य संघका उपाध्यक्ष दय अशोक अधिकारी, नारायण प्रधान, कार्यकारी निर्देशक निलबहादुर के.सी, कार्यसमिति सदस्यज्यूहरु, चितवन उद्योग संघका कार्यकारी निर्देशक गणेश सिलवाल, वस्तुगत संघका अध्यक्ष एवम् पदाधिकारी लगायत उद्योगी व्यवसायी र आयोजक संस्थाको कर्मचारीहरुको सहभागिता रहेको थियो । उद्योग वाणिज्य संघ–चितवनका अध्यक्ष सुमनकुमार श्रेष्ठको अध्यक्षता एवम् वरिष्ठ उपाध्यक्ष चिरञ्जीवी सुवेदीले धन्यवाद ज्ञापन सहित समापन गर्नुभएको कार्यक्रम संघका कार्यक्रम अधिकृत गणेश सुवेदीले सञ्चालन गर्नुभएको थियो ।

## नेपाल प्रहरी प्रमुख दिपक थापालाई स्वागत

उद्योग वाणिज्य संघ–चितवनले २०८१ चैत्र १३ गते संघको सचिवालयमा एक कार्यक्रमको आयोजना गरि नेपाल प्रहरी प्रमुख दिपक थापालाई स्वागत गरिएको थियो । स्वागत कार्यक्रममा मन्तब्य व्यक्त गर्दै संघका अध्यक्ष सुमनकुमार श्रेष्ठले संघको बारेमा जानकारी गराउनु भएको थियो । उहाँले आईजीपी दिपक थापालाई समग्र देश लगायत चितवनको शान्ती सुरक्षा प्रदान हुनेमा विश्वाश व्यक्त गर्दै कार्यकाल सफलताको शुभकामना व्यक्त गर्नुभएको थियो । उहाँले चितवनको जनधनत्व अनुरुप प्रहरीको दरबन्दी नपुगेको बताउँदै दरवन्दी थपका लागि पहल गर्नुभएको थियो । नेपाल प्रहरीका नवनियुक्त प्रहरी महानिरीक्षक (आईजीपी) दीपक थापाले शान्ति सुरक्षा, अमनचयनका लागि प्रहरी एक्लैको प्रयास सम्भव नहुने बताउँदै "सुरक्षाको




सवालमा प्रहरी एक्लैले सम्भव छैन । समुदायसँग हातेमालो गर्न आवश्यक रहेको बताउनुभएको थियो । चितवनको विभिन्न स्थानमा अस्थायी प्रहरीचौकीको आवश्यकता रहेको बताउँदै उहाँले यहाँका जनता र व्यवसायीको सुरक्षाका लागि आफू सधैँ सचेत भएको बताउनुभएको थियो ।कार्यक्रममा बोल्दै उद्योग वाणिज्य संघ-चितवनका पूर्व अध्यक्ष उत्तमलाल चुकेले कार्यकाल सफलताको शुभकामना व्यक्त गर्दै चितवनमा भएका समस्याहरुको बारेमा जानकारी गराउनुभएको थियो ।कार्यक्रममा बोल्दै उद्योग वाणिज्य संघ-चितवनका पूर्व अध्यक्ष राजन गौतमले कार्यकाल सफलताको शुभकामना व्यक्त गर्दै उहाँले अपराधिक क्रियाकलापमा संग्लन व्यक्तिको ३ पुस्ते सार्वजनिक गरियो भने न्यूनिकरण हुने धारणा प्रस्तुत गर्नुभएको थियो । कार्यक्रममा बोल्दै उद्योग वाणिज्य संघ-चितवनका पूर्व अध्यक्ष राजु श्रेष्ठले कार्यकाल सफलताको शुभकामना व्यक्त गर्दै चितवनको शान्ती सुरक्षाका विषयमा चितवन प्रहरी प्रमुख हुदाँ खेलेको भूमिकाको प्रशंसा गर्दै प्रहरी पार्टनरशिप कार्यक्रममा सुवर्ण प्रतिकले लेख्न यो कार्यकाल सफल रहोस भन्दै शुभभाव व्यक्त गर्नुभएको थियो ।स्वागत एवम् छलफल कार्यक्रममा संघका पूर्व अध्यक्ष, पदाधिकारी, कार्यसमिति सदस्य, वस्तुगत संघका अध्यक्ष एवम् प्रतिनिधिहरूको सहभागिता रहेको थियो । उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष सुमनकुमार श्रेष्ठको अध्यक्षता एवम् वरिष्ठ उपाध्यक्ष चिरञ्जीवी सुवेदीले धन्यवाद ज्ञापन सहित समापन गर्नुभएको कार्यक्रम संघका कार्यक्रम अधिकृत गणेश सुवेदीले सञ्चालन गर्नुभएको थियो ।

## रामेछाप उद्योग वाणिज्य संघको भ्रमण टोलीलाई स्वागत एवम् छलफल कार्यक्रम सम्पन्न

रामेछाप उद्योग वाणिज्य संघको अध्ययन अवलोकन भ्रमण टोलीलाई २०८१ चैत्र १७ गते संघको सचिवालयमा स्वागत एवं छलफल कार्यक्रम सम्पन्न भएको थियो । रामेछाप उद्योग वाणिज्य संघका अध्यक्ष नवीन कुमार थापाको नेतृत्वमा चितवन आएको अध्यायन अवलोकन टोलीलाई स्वागत सहित छलफल कार्यक्रम सम्पन्न भएक भएको थियो । कार्यक्रममा स्वागत मन्तव्य व्यक्त गर्दै उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष सुमन कुमार श्रेष्ठले संघको विगत र वर्तमान अवस्थाको बारेमा जानकारी गराउनुका साथै नीजि क्षेत्रको विकासका लागि जिल्ला तथा नगर उद्योग वाणिज्य संघको साझा आर्थिक एजेण्डा तय गर्नुपर्ने बताउँदै संघले यसको नेतृत्व गर्न तयार भएको बताउनुभएको थियो । सो कार्यक्रममा र ामेछाप उद्योग वाणिज्य संघका अध्यक्ष नवीन कुमार थापाले उवासंघ-चितवनले नेतृत्व गर्ने सबै खाले मुद्दाका ऐक्यबद्धता रहेने बताउनु भएको थियो ।




रामेछाप उद्योग वाणिज्य संघका अध्यक्ष नवीन कुमार थापा नेतृत्वमा चितवन आएको भ्रमण टोलीमा संघका निवर्तमान अध्यक्ष केशव प्रसाद घिमिरे, विशिष्ट सदस्य जय प्रकाश श्रेष्ठ, वरिष्ठ उपाध्यक्ष प्रकाश कुमार श्रेष्ठ लगायतका सहभागीता रहेको थियो भने उवा संघ-चितवनको तर्फबाट निबर्तमान अध्यक्ष चुननारायण श्रेष्ठ , कार्यकारी निर्देशक निलबहादुर के.सी लगायत कार्यसमिति सदस्यको उपस्थिती रहेको थियो । संघका अध्यक्ष सुमनकुमार श्रेष्ठको अध्यक्षतामा सम्पन्न भएको उक्त कार्यक्रम संघका सूचना प्रविधि अधिकृत बिनायक लम्सालले सञ्चालन गर्नु भएको थियो ।

## उद्योग वाणिज्य संघ-चितवन र कृषि तथा वन विश्वविद्यालय विच सम्झौता चितवनको कृषि विकासमा सहकार्य गरेर अघि बढ्ने सम्झौतामा उल्लेख

उद्योग वाणिज्य संघ-चितवन र कृषि तथा वन विश्वविद्यालय विच चितवनको कृषि विकासका साथै आधुनिकिरणका लागि दुवै संस्थाले साझा धारणा बनाएर जाने विषयमा सम्झौता पत्रमा हस्ताक्षर भएको छ । २०८१ चैत्र १९ गते एक कार्यक्रमका विच कृषि तथा वन विश्वविद्यालयको कार्यालयमा वसी सम्झौता पत्रमा हस्ताक्षर भएको थियो । सम्झौता पत्रमा हस्ताक्षर गर्ने कार्यक्रममा बोल्दै कृषि तथा वन विश्वविद्यालयका उपकुलपती प्रा.डा शारदा थपलियाले कृषि तथा वन विश्वविद्यालयले कृषि क्षेत्रमा शिक्षण, अनुसन्धान र सेवाहरुमा उत्कृष्टताको केन्द्र बन्न प्रयासरत रहिरहेको बताउँदै उहाँले विश्वविद्यालयले

ग्रामीण सामाजिक-आर्थिक अवस्था सुधार गर्न कृषि र कृषि सम्बद्ध विज्ञानहरूमा दक्ष पेशेवरहरू विकास गर्दै रोजगारी सृजनाका साथै प्रदान गर्दै आईरहेको बताउनुभएको थियो । उहाँले राष्ट्रिय र अन्तर्राष्ट्रिय साझेदारहरूसँग संयुक्त अनुसन्धान सञ्चालन गर्दै आएको जानकारी गराउँदै नीति विकास र तालिम सहित सम्बन्धित सरकारी संस्थाहरूलाई व्यावसायिक सेवाहरू समेत प्रदान गर्दै आएको बताउनुभएको थियो । कृषि तथा वन विश्वविद्यालयका विद्यार्थीहरूले कृषि समुदायमा उत्पादकत्व वृद्धि गर्न र दिगो जीविकोपार्जन प्रणाली सिर्जना गर्न कृषि चुनौतीहरूलाई सम्बोधन गर्न ज्ञान र प्रविधिहरू उत्पादन गर्दै आईरहेको बताउँदै अबको कृषि विकासमा उद्योगी व्यवसायीहरुको छाता संस्था उद्योग वाणिज्य संघ-चितवन सँग सहकार्य गरेर अगाढी बढ्दा चितवनको कृषि विकासले फड्को मार्ने विश्वास व्यक्त गनुभएको थियो । कार्यक्रममा बोल्दै उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष सुमनकुमार श्रेष्ठले संघले मूख्यत चार क्षेत्रहरु शिक्षा, स्वास्थ्य, कृषि र पर्यटनमा केन्द्रित विभिन्न कार्यक्रमहरू गर्दै आएको बताउँदै उहाले सूचना प्रविधिको विकासमा पनि संघ लागिरेको बताउनुभएको थियो । संघले व्यावसायिक समुदायको हितको संरक्षण र प्रवर्द्धन गर्नुका साथै जिल्लामा सामाजिक कार्यहरूमा निजी क्षेत्रलाई परिचालन गर्न र आफ्ना सदस्यहरूमाझ चेतना जगाउन हरसम्भव प्रयास गर्दै आईरहेको बताउँनुभएको थियो । उहाँले सरकारी र गैर-सरकारी संस्थाहरू समन्वयमा सदस्यहरूलाई आवश्यकतामा आधारित सेवाहरू प्रदान गर्दै तालिम, कार्यशाला र सेमिनारहरू सञ्चालन गरेर आफ्ना सदस्यहरूको क्षमता अभिवृद्धि गर्दै आईरहेको बताउनुभएको थियो । उद्योग वाणिज्य संघ-चितवन र कृषि तथा वन विश्वविद्यालय विच भएको सम्झौता पत्रमा कृषि, पशु चिकित्सा विज्ञान, मत्स्य पालन र कृषि




व्यवसायमा अनुसन्धान, नवप्रवर्तन र सीप विकासलाई प्रवर्द्धन गर्ने । दिगो आर्थिक वृद्धिको लागि उद्योग-शिक्षा सम्बन्धलाई सुदृढ पार्ने । कृषि तथा पशुधन क्षेत्रमा प्रवर्द्धन गर्नु, बजार र उद्यमशीलताको विकास गर्न, व्यवसाय इन्क्युबेशन केन्द्रहरू स्थापना गर्न, किसान, उद्योग र देशको अर्थतन्त्रलाई फाइदा पुग्ने नीति र अभ्यासहरूको वकालत गर्न, कृषि सम्बन्ध व्यवसायीहरुलाई तालिम सेमिनार सञ्चालन गर्ने, लगायत कृषि सम्बन्ध कार्य तथा विकासका लागि दुवै संस्था मिलेर लाग्ने सम्झौतामा उल्लेख रहेको छ । उक्त सम्झौता पत्रमा कृषि तथा वन विश्वविद्यालयको तर्फबाट उपकुलपती प्रा. डा. शारदा थपलियाले हस्ताक्षर गनुएभएको छ भने उद्योग वाणिज्य संघ - चितवनको तर्फबाट संघका अध्यक्ष सुमनकुमार श्रेष्ठले हस्ताक्षर गर्नुभएको थियो । सम्झौता पत्रमा हस्ताक्षर कार्यक्रममा संघका उपाध्यक्ष राजेन्द्र ओली र कृषि तथा वन विश्वविद्यालयका प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

## कफी प्रतियोगितामा पुरस्कार जित्ने चितवनकालाई सम्मान




उद्योग वाणिज्य संघ-चितवनको बैठक कक्षमा २०८१ चैत्र २७ गते चितवन र काठमाडौंमा आयोजना भएको कफी बनाउने प्रतियोगितामा विजेता बनेका युवाहरुलाई उद्योग वाणिज्य संघ-चितवनले सम्मान गरेको थियो । बिजेताहरुलाई संघले सम्मानपत्र र खादामार्फत साहिल गुरूङ, अभिषेक सुस्लिङ, टकमाया गुरूङ, निरञ्जन रानामगर, सुरज थापा र प्रियङ्का दर्लामीलाई सम्मान गरेको थियो । सम्मान कार्यक्रममा स्वागत मन्तब्य राख्दै उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष सुमनकुमार श्रेष्ठले कफी क्षेत्रबाट चितवनलाई चिनाउनका लागि थप योगदान दिएको भन्दै प्रतियोगितामा सहभागी भई पुरस्कार जित्न सफल भएकाहरुलाई सम्मान गरिएको बताउनुभएको थियो । उहाँले यूवा उद्यमी बन्न चाहने जोकसैलाई उद्योग वाणिज्य संघ-चितवनले आवश्यक सहयोग गर्ने बचनसमेत दिनुभएको थियो । सेही कार्यक्रमा बोल्दै संघका वरिष्ठ उपाध्यक्ष चिरञ्जीवी सुवेदीले बेलामौकामा भइरहने यस्ता खालका प्रतियोगिताले देशभित्रै रोजगारको वातावरण सिर्जना गर्नमा टेवा पुग्ने बताउनुभएको थियो । उहाँले यस्ता प्रतियोगिता बाट यूवाहरुलाई रोजगार दिलाउनका साथै व्यवसायिक बन्न प्रोत्साहन गर्ने बताउनुभएको थियो ।सम्मान ग्रहणपछि नेसनल लाटे आट च्याम्पियनसिप-२०२५, चितवन लाटे आट च्याम्पियनसिप-२०२५ र नेशनल वरिष्टा च्याम्पियनसिप -२०२५ का प्रथम, द्वितीय तथा तृतीयहरुले आफ्नो अनुभव शेयर गरेका थिए । कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका पदाधिकारी, कार्यसमिति सदस्य, ल्याटे आर्ट तथा वरिष्ठाका प्रतियोगिहरु, प्रतियोगिताका आयोजक टिम लगायत पत्रकारहरुको उपस्थिति रहेको थियो ।उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष सुमनकुमार श्रेष्ठको अध्यक्षतामा सम्पन्न सम्मान कार्यक्रम संघका कार्यक्रम अधिकृत गणेश सुवेदीले सञ्चालन गर्नुभएको थियो ।

## उद्योग वाणिज्य संघ-चितवन उत्कृष्ट




चितवनका उद्योगी व्यवसायीहरुको छाता संस्था उद्योग वाणिज्य संघ-चितवन उत्कृष्ट उद्योग वाणिज्य संघ छनौट भएको थियो । २०८१ चैत्र २८ गते सम्पन्न नेपाल उद्योग वाणिज्य महासंघको ५९ औँ वार्षिक साधारण सभामाको अवसरमा क वर्गका उद्योग वाणिज्य संघहरु मध्य उद्योग वाणिज्य संघ-चितवन उत्कृष्ट भएको थियो ।उद्योग वाणिज्य संघ-चितवनले औद्योगिक तथा व्यवसायिक विकासमा खेलेको भूमिका, चितवन जिल्लाको सामाजिक आर्थिक विकासमा खेलेको भूमिका, राजश्व सम्बन्धी नीति नियममा गरेको वकालत, चितवनको कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन र सूचना प्रविधिको विकासमा खेलेको भूमिका, सचिवालय, संघका सदस्यहरु लगायत विभिन्न विदाहरुको मूल्याङ्कन गर्दा क वर्गका उद्योग वाणिज्य संघहरु मध्य उत्कृष्ट हुन सफल भएको थियो ।नेपाल उद्योग वाणिज्य महासंघको ५९ औँ वार्षिक साधारण सभाको प्रमुख अतिथि सम्माननीय प्रधानमन्त्री के.पी शर्मा ओलीले प्रदान गर्नुभएको सम्मान पत्र र मायाँको चिनो उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष सुमनकुमार श्रेष्ठ ग्रहण गर्नुभएको थियो ।महासंघको साधारण सभामा उद्योग वाणिज्य संघ-चितवनबाट अध्यक्ष सुमनकुमार श्रेष्ठको नेतृत्वमा निवर्तमान अध्यक्ष चुननारायण श्रेष्ठ, वरिष्ठ उपाध्यक्ष चिरञ्जीवी सुवेदी र उपाध्यक्ष अशोक अधिकारीको सहभागिता रहेको थियो ।

## CSITAN HACKFEST-2025

उद्योग वाणिज्य संघ चितवनले CSITAN-Chitwan द्वारा आयोजित CSITAN HACKFEST-2025 कार्यक्रम प्रबर्द्धकको रुपमा आयोजना गरेको थियो । कार्यक्रम सूचना प्रविधिले व्यावसायिक लगायत सबै क्षेत्रको विकासमा दिने योगदान सम्बन्धी ३ दिने कार्यक्रम आयोजना गरि फाल्गुन १८ गते सम्पन्न गरिएको थियो । कार्यक्रममा सहभागीहरुले वास्तविक संसारका समस्याहरुलाई समाधान गर्ने उद्देश्यले एउटा सिस्टमको निर्माण गर्नुपर्ने थियो र कार्यक्रम राष्ट्रव्यापी रहेको हुदा १० विभिन्न जिल्लाबाट प्रतिस्पर्दीहरुको उपस्थिती रहेको थियो । उक्त कार्यक्रमा संघको प्रतिनिधित्व गर्दै सूचना प्रविधि अधिकृत बिनायक लम्साल सल्लाहकारको रुपमा उपस्थिति रहेको थियो ।



# उद्योग वाणिज्य संघ-चितवन सदस्यता लिएपछि पाउने छुट सुविधाहरु

## कर सेवा :

सदस्यहरुलाई कर भुक्तानीका लागि सहजिकरण गर्न आन्तररिक राजश्व कार्यालय भित्र निशुल्क सेवा दिने उद्देश्यले कर सहायता कक्ष स्थापना गरिएको छ ।

## स्वास्थ्य सेवा :

### १. एन. पि. आई. नारायणी सामुदायिक हस्पिटल

- आधिकारीक परिचय पत्र भएका उद्योग वाणिज्य संघ-चितवनका सदस्यहरुलाई हस्पिटलमा उपलब्ध ओ.पि.डी टिकट, औषधी, सीटी स्क्यान र क्षउबलित बाहेक अन्य सम्पुर्ण सेवामा १५ प्रतिशत छुट पाईने छ ।

**पुनश्च :** उद्योग वाणिज्य संघ-चितवन बाट छुट कार्ड उपलब्ध गराईने छ ।

### २.चितवन मेडिकल कलेज (CMC)

- सडक दुर्घटना, कस्मेटिक सर्जरी, Dental Treatment, Medico Legal Case, ओ.पि.डी र इमरर्जेन्सी टिकट बाहेक स्वास्थ्य उपचार सेवामा २५ प्रतिशत र फार्मेसीमा ७ प्रतिशत रमक छुट पाईने छ ।

चितवन मेडिकल कलेजले छुट कार्ड उपलब्ध गराउने छ ।

### ३. कलेज अफ मेडिकल साइन्स (COMS) टिचिङ्ग हस्पिटल

- सदस्य छुट सुविधा

| क्र.सं. | विवरण | छुट प्रतिशत |
|---|---|---|
| १. | ओ.पि.डी | २५ प्रतिशत |
| २. | आई.पि.डी | १५ प्रतिशत |
| ३. | फार्मेसी | ०५ प्रतिशत |
| ४. | रेडियोलोजी | १० प्रतिशत |

### ४. चितवन मुटु हस्पिटल प्रा.लि.

फार्मेसी बाहेकका सबै सेवामा २०% छुट सुविधा पाउने ।

### ५. निको चिल्डेन हस्पिटल

फार्मेसी बाहेकका सबै सेवामा १५% छुट सुविधा पाउने ।

### ६. पुष्पाञ्जली हस्पिटल प्रा.ली, भरतपुर-१०, चितवन

बेडचार्ज, ल्याब टेस्ट (त्यहाँ हुने), ई.सी.जी, इको, भिडिओ एक्सरे, एक्सरे, लगायतमा २५ % अप्रेशन, सिटीस्क्यान र क्याबीनमा १०%, औषधीमा ७% प्रतिशत सम्म छुट दिइने छ ।

## हस्पिटालीटी सेवा :

### १. चितवन मिड टाउन रिसोर्ट प्रा. लि. (CMT), भरतपुर १०, चितवन

- सदस्य छुट सुविधा

| क्र.सं. | विवरण | छुट % |
|---|---|---|
| १. | फुड एण्ड व्यभरेज | १५ % |
| २. | कोठा सुविधा | २० % |
| ३. | हल भाडा | १० % |

### २. ग्यालेक्सी गार्डेन रिसोर्ट प्रा. लि. , भरतपुर-४, यज्ञपुरी

- सदस्य छुट सुविधा

| क्र.सं. | विवरण | छुट % |
|---|---|---|
| १. | फुड एण्ड व्यभरेज | १५ % |
| २. | कोठा सुविधा | २० % |

### ३. भरतपुर गार्डेन रिसोर्ट प्रा. लि., भरतपुर-१०, चितवन

- सदस्य छुट सुविधा

| क्र.सं. | विवरण | छुट % |
|---|---|---|
| १. | फुड एण्ड व्यभरेज | १५ % |
| २. | कोठा सुविधा | २० % |

### ४. अशोका रिसोर्ट प्रा. लि., भरतपुर-२९, दासढुङ्गा, चितवन

- सदस्य छुट सुविधा

| क्र.सं. | विवरण | छुट % |
|---|---|---|
| १. | फुड एण्ड व्यभरेज | १५ % |
| २. | कोठा सुविधा | २० % |

### ५. रोज गार्डेन रिसोर्ट प्रा. लि., भरतपुर-९, चितवन

- सदस्य छुट सुविधा

| क्र.सं. | विवरण | छुट % |
|---|---|---|
| १. | फुड एण्ड व्यभरेज | १५ % |
| २. | कोठा सुविधा | २० % |

### ६. सिराईचुली होटल, भरतपुर-१०, चितवन

- सदस्य छुट सुविधा

| क्र.सं. | विवरण | छुट % |
|---|---|---|
| १. | फुड एण्ड व्यभरेज | १० % |
| २. | कोठा सुविधा | १५ % |

### ७. होटल रोयल सेन्चुरी प्रा. लि, भरतपुर-१०, चितवन

- सदस्य छुट सुविधा

| क्र.सं. | विवरण | छुट % |
|---|---|---|
| १. | फुड एण्ड व्यभरेज | १५ प्रतिशत |
| २. | कोठा सुविधा | ३५ % |

### ८. मन्तव्य रिसोर्ट, पोखरा-१९, लेकसाईड कास्की

- सदस्य छुट सुविधा

| क्र.सं. | विवरण | छुट % |
|---|---|---|
| १. | फुड एण्ड व्यभरेज | १५ % |
| २. | कोठा सुविधा | २५ % |

### ९. होटल इनटुरिष्ट, इटहरी, सुनसरी

- सदस्य छुट सुविधा

| क्र.सं. | विवरण | छुट % |
|---|---|---|
| १. | फुड एण्ड व्यभरेज | १० % |
| २. | कोठा सुविधा | २० % |

### १०. कक्लिास रिसोर्ट प्रा.लि, भरतपुर-२९

- सदस्य छुट सुविधा

| क्र.सं. | विवरण | छुट % |
|---|---|---|
| १. | फुड एण्ड व्यभरेज | १५ % |
| २. | कोठा सुविधा | २० % |

### ११. होटल बाराही , लेकसाईड पोखरा

**संघका सदस्यहरुले २५ प्रतिशत छुट पाउन**

## केबुलकार सेवा :

१. **मनकामना दर्शन प्रा. लि.** – संघको सदस्यलाई १५ प्रतिशत छुट पाउने
२. **मौलाकाली केबलकार लि.** – संघको सदस्यलाई २० प्रतिशत छुट पाउने

**प्यारागलाइडिङ्ग सेवा :** १. **ओपन स्काइ प्यारागलाइडिङ्ग प्रा. लि., लेक साइड,पोखरा** – संघको सदस्यलाई १५ प्रतिशत छुट पाउने

**पुनश्च :** उद्योग वाणिज्य संघ-चितवन बाट उपलब्ध गराईएको परिचय पत्र बाट छुट सुविधा लिन सकिने छ।




पान नं. ६१८०८२१५३
दर्ता नं. ०३१७/०७८/०७९
फोन नं.: ०५६-५१३३३३, मो.९७४४२५७२४२

**चेम्बर बहुउद्देश्यीय सहकारी संस्था लि.**


**CHAMBER MULTIPURPOSE COOPERATIVE SOCIETY LTD.**

भरतपुर-१, चेम्बर भवन, चेम्बर मार्ग, नारायणगढ, चितवन
Email: chambermultipurpose 2078@gmail.com
Promoted by: Chamber of Commerce & Industry-Chitwan

**हाम्रा सेवाहरु**

| बचत सेवा | कर्जा सेवा | अन्य सेवाहरू |
|---|---|---|
| मासिक/अनिवार्य बचत | व्यावसायिक कर्जा | रकम संकलनमा घरदैलो सुविधा । |
| साधारण बचत | विविध कर्जा | रकम झिक्न राख्नको लागी सहज । |
| विषेश बचत (मुद्धती) | शैक्षिक कर्जा | आकर्षक ब्याजदर । |
| जेष्ठ नागरीक बचत | कृषी कर्जा | विश्वसनीय सहकारी संस्था । |
| वाल बचत | औद्योगिक कर्जा | उ.वा.संघ-चितवनमा दर्ता भए पश्चात मात्र सदस्यता लिन पाइने । |

- रु.५०,०००।-(५०० कीत्ता) को शेयर खरिद गर्न सकिने ।
- धितो तथा व्यक्तिगत जमानतमा कर्जा उपलब्ध गराउने व्यवस्था भएको
- कोसेली घरको माध्यमबाट सदस्यलाई अर्गानिक खाद्यवस्तु उपलब्ध गराइरहेको ।
- रकम राख्दा झिक्दा SMS जाने व्यवस्था गरिएको ।




## पाठक वर्गमा अनुरोध

यस संघबाट प्रकाशन हुदै आइरहेको मासिक बुलटिनलाई अझै स्तरीय र प्रभावकारी बनाउन पाठकहरुको कुनै किसिमको प्रतिक्रिया, सुझाव, सल्लाह व्यावसायिक लेख रचना भए यस संघको सचिवालयमा लेखी पठाउनु हुन अनुरोध गर्दछौं ।

-सम्पादक

## प्रापक :

.............................................................................

.............................................................................

.............................................................................

.............................................................................

.............................................................................

........................................

(जि.प्र.का.द.नं. ५/०४९/०५०, चि.जि.हु.द.नं. ६/०४९/०५०